प्रदेश सरकार
सामाजिक बिकाश मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
राजपुर डोटी

पूर्ण खोप, सुरक्षित भविष्य

# दादुरा रूबेला खोप अभियान २०८०/०८१

**स्थान : स्वास्थ्य कार्यालय कैलाली** **मिति : २०८०/११/१०**

Gavi The Vaccine Alliance WaterAid unicef World Health Organization Nepal

# उद्देश्यहरु

- राष्ट्रिय खोप कार्यक्रमको लक्ष्य, उद्देश्य, अवस्था, चुनौतिका साथै पूर्णखोप सुनिश्चितता दिगोपनाको बारेमा जानकारी एवं छलफल गर्ने

– दादुरा रुबेला खोप अभियानको औचित्य, संचालन रणनीति, जिल्ला तहको तयारि बारे जानकारी एवं छलफल गर्ने

–अभियानको प्रभावकारी व्यवस्थापन र संचालनको लागि सरोकारवाला निकायको भूमिका बारे छलफल जिम्मेवारी बाडफाँड गर्ने ।

# राष्ट्रिय खोप कार्यक्रम (NIP)

- नेपाल सरकारको उच्च प्राथमिकता प्राप्त कार्यक्रम
- २०३४ देखि शुरूवात भएको र हाल १३ थरिका एन्टिजेन १६००० भन्दा बढि खोप केन्द्रहरू मार्फत
  - १५ महिनाका सम्मका बालबालिकाहरु,
  - गर्भवती महिलाहरु
- सफल र सवै भन्दा लागत प्रभावकारी कार्यक्रम
- बाल मृत्युदर घटाउन प्रमुख भूमिका रहेको



# राष्ट्रिय खोप कार्यक्रमका मूख्य उद्देश्यहरु (विश्व तथा नेपाल)


## खोपबाट बचाउन सकिने रोगहरु लाई शुन्य अवस्था कायम गर्नु

- खोपबाट बचाउन सकिने रोगहरुको निवारण र उन्मुलनलाई तिव्रता दिई दिगोपन कायम राख्ने
  - ❖ पोलियो शुन्य अवस्था (सन् २०१०)
  - ❖ नवशिशु धनुष्टङ्कार निवारण (सन् २००५)
  - ❖ दादुरा रूबेला निवारण गर्ने (सन् २०२६)
- प्रत्येक बालबालिकाले पूर्ण खोप लगाएको सुनिश्चित गर्ने

# खोप कार्यक्रमको मुख्य उपलब्धिहरू

- **1980** – बिफर रोगको उन्मूलन
- **2005** – मातृ तथा नवशिशु धनुष्टङ्कार रोग निवारण
- **2006** – जापानिज ईन्सेफलाईटिस रोग नियन्त्रण
- **2010** – पोलियो रोग शून्य अवस्था र उन्मूलनको नजिक
- **2012** – पूर्ण खोप सुनिश्चितता घोषणा शरूवात
- **2015** – बाल मृत्युदरमा उल्लेख्य कमि (सहस्राब्दि लक्ष ४ र ५ प्राप्त)
- **2016** – खोप ऐन र नियमावली जारी
- **2018** – रुबेला तथा सि.आर.एस (Congenital Rubella Syndrome) नियन्त्रण
- **2019** – बालबालिकामा “हेपाटाईटिस बि” नियन्त्रण
- **2020** – नियमित खोपमा रोटा भाइरस खोप तथा सरसफाई प्रर्बधन कार्यक्रमको शुरुवात
- **2022** – नियमित खोपमा टाइफाइड खोपको शुरुवात (दक्षिण एसियामा पहिलो)

# NDHS २०२२ का अनुसार खोप कार्यक्रमको अवस्था




**NDHS @)@@ अनुसार,**


**१६% बालबालिका पूर्ण खोपबाट बञ्चित छन् भने ४% बच्चा शुन्य डोज**

# राष्ट्रिय खोप कार्यक्रमको आगामी कार्ययोजना

- राष्ट्रिय खोप रणनीति, २०२३–२०३०
- नियमित खोप कार्यक्रममा एच.पि.भि. खोप शुरूवात
- पूर्ण खोप राष्ट्र घोषणा तथा दिगोपना
- Polio Transition Plan को कार्यान्वयन
- दादुरा रूबेला निवारण तथा पोलियो उन्मूलन सन् २०२६ सम्म
- खोप कार्यक्रममा विद्युतिय प्रणालीको (Digitalization) समावेश

# दादुरा-रूबेला खोप अभियान २०७६/७७ को कभरेज (%)


प्राप्त प्रतिवेदनको आधारमा




| Province | Target children | Acheivement | % Coverage |
|---|---|---|---|
| Prov 1 | 418488 | 414694 | 99 |
| Prov 2 | 536085 | 717243 | 134 |
| Bagmati | 550415 | 405318 | 74 |
| Gandaki | 210545 | 183473 | 87 |
| Prov 5 | 430790 | 449509 | 104 |
| Karnali | 154542 | 160848 | 104 |
| Sudurpaschim | 247474 | 232725 | 94 |
| Total | 2548336 | 2563810 | 101 |

# दादुरा-रूबेला खोप अभियानको कभरेज (%)

## अभियानपछि गरिएको सर्भेक्षणको नतिजाको आधारमा





कोशी, मधेश र लुम्बिनी प्रदेशमा
२०७६ फाल्गुण ०३ देखि चैत्र ०१ सम्म

बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा
२०७६ चैत्र ०२ देखि आषाढ २३ सम्म

# २०७९-२०८० मा भएको दादुरा महामारीको अवस्था

अवधि -  २०७९ मंसिर ०३ देखि २०८० १५ पुषसम्म





| जिल्ला | विरामी संख्या |
|---|---|
| अर्घाखाँची | ११ |
| बाजुरा | १८ |
| बाँके | ३२९ |
| वर्दिया | ७२ |
| चितवन | ५२ |
| दाङ्ग | ३९ |
| धनुषा | ५४ |
| कैलाली | ५६ |
| कालिकोट | १६ |
| कंञ्चनपुर | ३८ |
| कपिलवस्तु | २३ |
| काठमाडौ | २२५ |
| महोत्तरी | १२३ |
| मकवानपुर | ४० |
| मोरङ्ग | ४२ |
| सल्यान | १४ |
| सर्लाही | ८७ |
| सुनसरी | ४२ |
| सुर्खेत | ६८ |
| [illegible] | [illegible] |

# दादुरा महामारीमा संक्रमित भएका व्यक्तिहरूको विवरण


दादुराका संक्रमित व्यक्तिहरूमध्ये ७४%

९ महिना देखि १५ वर्ष मुनिका बालबालिका

दादुरा संक्रमित व्यक्तिहरुको
दादुरा-रुबेला खोप लगाएको अवस्था



# दादुरा महामारीको कारणहरूको विश्लेषण (Root Cause Analysis) गरिएका जिल्लाहरू




| प्रदेश | जिल्ला |
|---|---|
| कोशी | मोरगं, सुनसरी |
| मधेश | महोतरी |
| लुम्बिनी | दागं, बर्दीया |
| कर्णाली | सुर्खेत |
| सुदुरपश्चिम | कैलाली, कञ्चनपुर, बाजुरा |

# दादुराको महामारी हुनुका मूख्य कारणहरुको विश्लेषण

प्रदेश सरकार
सामाजिक बिकाश मन्त्रालय
स्वास्थ्य निर्देशनालय

पूर्ण खोप, सुरक्षित भविष्य

**सन् २०२२-२०२३ मा नेपालमा दादुराको महामारी**

## खोप नपाएको

### सेवा प्रदायकसँग सम्बन्धित

सूक्ष्मयोजना अध्यावधिक नगरिएको

- तालिम र गोष्ठिको लागि बजेट नपुग
- दक्ष स्वास्थ्यकर्मीको अभाव
- सूक्ष्म योजना तर्जुमा गर्ने फाराम को अभाव

### सेवाग्राहीसँग सम्बन्धित

खोप सेवा लिने अवसर कम भएको

- बाह्य खोप केन्द्रको कमी
- खोप लिन छुटेका व्यक्तिको अनुगमन नगरिएको
- खोप केन्द्र नियमित रुपमा सञ्चालन नहुने

- ज्ञानमा भिन्नता
- आन्तरिक बसाइ सराई
- खोप लगाउन हिचकिचाउने वा नमान्ने

- खोप केन्द्र सञ्चालन हुने स्थान र मिति वारे जानकारी नभएको
- खोप सेसन सञ्चालनको समय अनुकुल नभएको

- सामाजिक, आर्थिक अवस्था दयनीय भएको
- शहरीकरण

- धार्मिक आस्थाको कारणले खोप लिन हिचकिचावट भएको
- खोप लगाएपछि हुनसक्ने अनपेच्छित घटनको त्रास

## खोपले काम नगरेको

### सेवाग्राहीसँग सम्बन्धित

**कोल्ड चेन तथा खोप आपूर्ति ब्यवस्थापन सम्बन्धी सवालहरु**

- खोप उचित ठाउँमा नराख्नु तथा तापक्रमको मापन नगर्नु
- घरायसी प्रयोजनमा प्रयोग गर्ने रेफ्रिजेरेटरमा खोप भण्डारण गर्नु
- बाह्य खोप केन्द्र खुला ठाउँमा सञ्चालन गर्नु
- आइस प्याक कण्डिसनिंग गर्नुपर्ने नियमलाई पालना नगर्नु
- नखोलेको खोप भाईलहरू फिर्ता नगरि जिल्ला, स्थानीय तहको खोप स्टेरमा थुपारेर राखेको

## .... मूख्य कारण ....

- सुपरिवेक्षण तथा अनुगमनमा कमी
- बजेट र अन्य स्रोतसाधन जुटाउन ढिलाइ
- जवाफदेहीमा कमी

- स्थानीय तहको वडाको आधारमा कम संख्यामा मात्र खोप केन्द्र राखिएको
- स्थानीय तहभित्र भ्रमण भत्ता नपाउने प्रावधान भएको
- छुट खोप लगाउने तालिका वारे जानकारी नभएको

- नियमित खोप सेसन सञ्चालन वारे प्रचार प्रसारमा कमी
- पिछडिएका वर्गहरूमा शिक्षाको कमी
- जागिर, ज्याला मजदुरी छुट्ने डर
- स्वास्थ्य सेवा लिने प्रचलनमा कमी

- खोपलाई कम प्राथमिकता दिनु
- भारतसँग खुला सिमाना हुनु

- खोप वारे बहस पैरवीमा कमी
- परिवारमा महिलाहरूको निर्णय गर्ने भूमिका कम हुनु

- खोप दिने दक्ष स्वास्थ्यकर्मीको कमी
- पर्याप्त बजेट नहुनु
- बिजुलीको ब्याकअप नभएको
- सुपरिवेक्षण अनुगमनको कमी

# जिल्ला तथा स्थानियस्तरमा जनशक्ति परिचालन तथा खोपकेन्द्र

- संचालन हुने अनुमानित खोप सेसन संख्याः ९६४
- खोप दिने स्वास्थ्यकर्मी संख्याः २९२ जना
- परिचालन हुने तोकिएका स्वयंसेवक संख्याः १९२८ जना
- ए.ई.एफ.आई. व्यवस्थापन र अनुगमनको लागिः करिब २० जना

# दादुरा-रुबेला खोप अभियान २०८०/८१

अनुसूची ६

## दादुरा-रुबेला खोप अभियानको लागि जिल्ला तहको योजना तर्जुमा फाराम

प्रदेश : सदर-पश्चिम

जिल्ला : कैलाली


| क्र.सं | स्थानीय तहको नाम | पालिका संख्या | वडा संख्या | स्वास्थ्य संस्था संख्या | बिद्यालय संख्या | खोप सेसन संख्या | लक्षित संख्या | | | | | | खोप तथा खोप सामग्रीको आवश्यक परिमाण | | | | | | | | | ए.ई.ए फ.आई .किट | एड्रिनालिन सिरिन्ज |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दादुरा खोप लगाउने | | | छुट नियमित खोप सेवा | | | | | | | | | | | | |
| | | | | | | | ९ महिना देखि ५ बर्ष मुनि | ५ बर्ष देखि १५ बर्ष मुनि | जम्मा | डि.पि.टी.-हेप बी-हिब | पि.सि.भी. | आई.पि.भी | दादुरा-रुबेला खोप | दादुरा-रुबेला खोपको | डि.पि.टी.-हेप बी-हिब खोप | पि.सि.भी. खोप (४ मात्रा भायल) | आई.पि.भी. खोप (१ मात्रा भायल) | डिस्पोजबल सिरिन्ज ( | ए.डि.सिरिन्ज (०.५ मि.लि.) | सेफ्टी बक्स | | |
| १ | मोहन्याल गाउँपालिका | १ | ७ | १२ | ५५ | २९ | २०११ | ५१२५ | ७१३६ | २५६ | २९० | ३०३ | ७९२ | ७९२ | २८ | ८० | ३१८ | ८७९ | ८८६३ | ८९ | ५८ | १७४ |
| २ | चुरे गाउँपालिका | १ | ६ | ९ | ५२ | २९ | १८८७ | ५३२३ | ७२१० | २६ | ० | ४९ | ८०० | ८०० | ३ | ० | ५१ | ८८८ | ८०८६ | ८१ | ५८ | १७४ |
| ३ | गोदावरी नगरपालिका | १ | १२ | १६ | ९५ | ११३ | ७०१८ | ३३७९६ | ४०८१४ | ४६४ | २९८ | ४२९ | ४५३० | ३१३८ | ५२ | ८३ | ४५० | ५०२९ | ४६६२६ | ४६६ | २२६ | ६७८ |
| ४ | गौरिगंगा नगरपालिका | १ | ११ | १४ | ६७ | ७५ | ४५४८ | १४१५१ | १८६९९ | ५१६ | ५३३ | ५१७ | २०७६ | २०७६ | ५७ | १४८ | ५४३ | २३०४ | २२४१४ | २२५ | १५० | ४५० |
| ५ | घोडाघोडी नगरपालिका | १ | १२ | १३ | ८५ | १०० | ५८५१ | १९१८८ | २५०३९ | ९५९ | ७९३ | ९७२ | २७७९ | २७७९ | १०६ | २२० | १०२१ | ३०८५ | ३०८१७ | ३०८ | २०० | ६०० |
| ६ | बर्दगोरोया गाउँपालिका | १ | ६ | ६ | ३६ | ४४ | २६७७ | ८२७६ | १०९५३ | ४४२ | ३७९ | ४४६ | १२१६ | १२१६ | ४९ | १०५ | ४६८ | १३५० | १३५६४ | १३६ | ८८ | २६४ |
| ७ | लम्की-चुहा नगरपालिका | १ | १० | ११ | ८३ | ११२ | ६५२७ | २१४२३ | २७९५० | ७८५ | ८०३ | ७७४ | ३१०२ | ३१०३ | ८७ | २२३ | ८१३ | ३४४४ | ३३६४६ | ३३६ | २२४ | ६७२ |
| ८ | जानकी गाउँपालिका | १ | ९ | १० | ४६ | ४७ | ३१०० | ८६२५ | ११७२५ | ९४२ | ९०० | ९७५ | १३०१ | १३०२ | १०५ | २५० | १०२४ | १४४५ | १६१४२ | १६१ | ९४ | २८२ |
| ९ | जोशीपुर गाउँपालिका | १ | ७ | ६ | ३८ | ३४ | २१२१ | ६४२७ | ८५४८ | ५७४ | ५६१ | ५८६ | ९४९ | ९४९ | ६४ | १५६ | ६१५ | १०५३ | ११३९९ | ११४ | ६८ | २०४ |
| १० | टिकापुर नगरपालिका | १ | ९ | ११ | ७६ | ९५ | ५१८६ | १५५८८ | २०७७४ | १०७४ | १०९९ | १०९० | २३०६ | २६३९ | ११९ | ३०५ | ११४५ | २५६० | २६६८१ | २६७ | ११० | ५७० |
| ११ | भजनी नगरपालिका | १ | ९ | ९ | ६२ | ५२ | ३३९७ | ९५४७ | १२९४४ | ८५५ | ८५८ | ८९० | १४३७ | १४३७ | ९५ | २३८ | ९३५ | १५९५ | १७२५७ | १७३ | १०४ | ३१२ |
| १२ | कैलारी गाउँपालिका | १ | ९ | ९ | ६३ | ३७ | २७५९ | ६६०५ | ९३६४ | ९८४ | ९५६ | ९८२ | १०३९ | १०३९ | १०९ | २६५ | १०३१ | ११५४ | १३६३७ | १३६ | ७४ | २२२ |
| १३ | धनगढी उपमहानगरपालिका | १ | १९ | २० | १४५ | १९७ | ११९५६ | ४५०४४ | ५७००० | ७२२ | ७०० | ८४७ | ६३२७ | ५४५५ | ८० | १९४ | ८८९ | ७०२३ | ६५७८९ | ६५८ | ३९४ | ११८२ |
| | **कुल जम्मा** | **१३** | **१२६** | **१४६** | **९०३** | **९६४** | **५९०३८** | **१९९११८** | **२५८१५६** | **८५९९** | **८१७०** | **८८६०** | **२८६५५** | **२६७२४** | **९५४** | **२२६७** | **९३०३** | **३१८०७** | **३१५००१** | **३१५०** | **१९२८** | **५७८४** |

# दादुरा रुबेला अभियानमा AEFI (Adverse Event Following Immunization) व्यबस्थापन विवरण


| सी.नं | स्थानीय तहको नाम | प्रेषणगरिने AEFI व्यबस्थापन केन्द्र रहेको स्वास्थ्य सस्था | AEFI व्यबस्थापन केन्द्र संयोजकको नाम | सम्पर्क फोन नं० |
|---|---|---|---|---|
| १ | धनगढी उप महानगर पालिका | सेती प्रादेशिक अस्पताल | डा. शेर बहादुर कमर | ९८४१२७७८२३ |
| २ | टिकापुर न.पा. | टिकापुर अस्पताल | डा.रेम कुमार राई | ९८४१८४४१०९ |
| ३ | गोदाबरी न.पा. | मालाखेती अस्पताल | डा.आशिष बिस्ट | ९८६०५६३३७६ |
| ४ | लम्की चुहा न.पा. | लम्की चुहा अस्पताल | डा.प्रभाकर प्रसाद यादव | ९८२३७५६६१८ |
| ५ | घोडाघोडी न.पा. | घोडाघोडी नगर अस्पताल | डा.टेक राज भट्टराई | ९८५११४७३७२ |
| ६ | भजनी न.पा. | भजनी प्रा.स्वा.के. | डा.सुरेश ताम्राकार | ९८४८४२५२१६ |
| ७ | जोशीपुर गा.पा. | जोशीपुर प्रा.स्वा.के. | डा.प्रतिमा मोडाक | ९८०८४०११८६ |
| ८ | बर्दगोरिया गा.पा. | दोदोधारा अस्पताल | डा.तिर्थ ढुंगाना | ९८४८५८१६१९ |
| ९ | गौरिगंगा न.पा. | चौमाला प्रा.स्वा.के. | डा.पवन भट्ट | ९८६६५२०१२६ |
| १० | जानकी गा.पा. | टिकापुर अस्पताल | डा.रेम कुमार राई | ९८४१८४४१०९ |
| ११ | कैलारी गा.पा. | उदासीपुर प्रा.स्वा.के. | डा.खगेन्द्र चौधरी | ९७४९७३२१८० |
| १२ | चुरे गा.पा. | सेती प्रादेशिक अस्पताल | डा. शेर बहादुर कमर | ९८४१२७७८२३ |
| १३ | मोहोन्याल गा.पा. | लम्की चुहा अस्पताल | डा.प्रभाकर प्रसाद यादव | ९८२३७५६६१८ |

# Achievement of Major Health Program Indicators


# Immunization : Coverage




# Dropout Rate



# Percentage of children fully immunized as per NIP schedule (GESI)



# Percentage of children fully immunized as per NIP schedule (GESI)



# Palika categorization (2079/80)

| Category I (Penta1 Cov≥90% Penta1 Vs MR2 dropout ≤10) | Category II (Penta1 Cov≥90% Penta1 Vs MR2 dropout ≥10) | Category III (Penta1 Cov≤90% Penta1 Vs MR2 dropout ≤10) | Category IV (Penta1 Cov≤90% Penta1 Vs MR2 dropout ≥10) |
|---|---|---|---|
| Bardagoriya | Lamki | Mohanyal | Chure |
| Godawari | Dhangadhi | | |
| Joshipur | | | |
| Tikapur | | | |
| Bhajani | | | |
| Kailari | | | |
| Janaki | | | |
| Gauriganga | | | |
| Ghodaghodi | | | |

# खोप कार्यक्रमको चुनौति

अपेक्षित प्रगति (>९५%) र सबै तहमा एकरूपता नभएको

१. शून्य खोप तथा ड्रप आउटको संख्या बढ्दै जानु

२. सुक्ष्मयोजना अद्यावधिक र पूर्ण खोप दिगोपना कार्यक्रम प्रभावकारी नहुनु

३. खोप बाट बचाउन सकिने रोगहरुको प्रकोप देखा परी रहनु

४. खोप खेर जाने दर उच्च

५. सबै तहमा खोपको कोल्डचेन व्यवस्थापन र गुणस्तर प्रभावकारी नहुनु

- **विनियोजित क्रियाकलापहरुको प्रभावकारी योजना, संचालनमा कमि**
- **स्वास्थ्य सेवाको कार्यक्रममा स्थानीय सरकारको अपनत्व मा कमि साथै प्राथमिकता नदिन**

# २. खोप छुट भएका बालबालिकाहरुलाई छुट खोप पुरा गर्ने प्रकृया र नीतिगत व्यबस्था

२. अन्य अभियानहरु

२.१ बिभिन्न अभियानहरु –

- ❖ खोप अभियानहरू – जस्तै हालको दादुरा रुबेला खोप अभियान
- ❖ राष्ट्रिय भिटामिन ए कार्यक्रम

२.२ **बालबालिका बिद्यालय भर्नाको समयमा खोपकार्ड र खोपको अनुगमन (पालिका बाट निर्णय गरि सबै बिद्यालयमा जानकारी , सहजीकरण र अनुगमन)**

२.३ बैशाख महिनालाई खोप महिनाको रूपमा मनाई

२.४ **पूर्णखोप सुनिश्चितताको लागि हुने घरधुरी सर्वेक्षण**

२.५ **बालबालिकाको जन्म दर्ता गर्दा र थप पाउने सेवा सुबिधा लिंदा खोप कार्ड अनिवार्य (पालिका बाट निर्णय गरि सबै सरोकारवालाहरुलाई जानकारी ,**

# दादुरा रूबेला खोप अभियानको औचित्य

- सन् २०२६ सम्ममा दादुरा रूबेला निवारण गर्ने नेपाल सरकारको प्रतिबद्धता
- नियमित खोपमा दादुरा रूबेलाको प्रगती सबै तहमा एकरूपता नरहेको (९५% भन्दा कम भएको)
- कोभिढ १९ महामारीको समय (सन् २०२०) मा सम्पन्न भएको दादुरा रूबेला खोप अभियान पश्चात कभरेज सर्भेक्षण गर्दा जम्मा ८४% कभरेज रहेको
- कोभिढ १९ महामारी तथा अन्य कारणहरूले गर्दा छुट भएका बालबालिकाहरूको संख्यमा बृद्धी भई सन् २०२२ र २०२३ मा दादुराको महामारी देखा परेको

# दादुरा रूबेलाको खोप अभियान संचालन कार्यनीति तथा अभियान संचालन प्रकृया

# खोप केन्द्र स्थलको छनौटः २४ जिल्लाहरू

लक्षित उमेर समूहका धेरै बालबालिकाहरू विद्यालयमा ह'ने हुदाँ विद्यालयलाई प्राथमिकतामा राखेर निम्न आधारमा खोप केन्द स्थल निर्धारण गर्नुपर्छः

- **संस्थागत विद्यालय, सामुदायिक विद्यालयः २५० वा सो भन्दा बढी लक्षित संख्या भएको विद्यालयलाई तोक्ने (प्राथमिकतामा राख्ने)**
- विद्यालय नभएका वा विद्यालय कम भएका वडा, वस्ती, टोलहरूको लागि
    - नियमित खोप सेवा सञ्चालन गर्ने स्थान
    - विगतका खोप अभियानमा सञ्चालन गरिएका खोप केन्द्रहरू
    - नियमित खोप लिन छुटेका बालबालिकाहरू बस्ने स्थानलाई पाएक पर्ने स्थान
- **स्थानीय स्वास्थ्य संस्थाः अभियानको अन्तिम दिन**

विद्यालय

⇩

बाहिरी खोप केन्द्रहरु

⇩

स्थानीय स्वास्थ्य संस्था

# खोप केन्द्र स्थलको छनौटः <u>५१ जिल्लाहरू</u>

- नियमित खोप सेवा सञ्चालन गर्ने स्थान
- विगतका खोप अभियानमा सञ्चालन गरिएका खोप केन्द्रहरू
- नियमित खोप लिन छुटेका बालबालिकाहरू बस्ने स्थानलाई पायक पर्ने स्थान
- स्थानीय स्वास्थ्य संस्थामा अभियानको अन्तिम दिन सञ्चालन गर्ने

# जनशक्ति परिचालन

| जनशक्ति | २४ जिल्ला (९ महिना देखि १५ बर्ष मुनी) | ५१ जिल्ला (९ महिना देखि ५ बर्ष मुनी) |
|---|---|---|
| खोप दिने स्वास्थ्यकर्मी | • लक्षित सङ्ख्या २५० जनासम्म भएको खोप केन्द्रमा २ जना<br>• हरेक १२५ थप लक्षित जनसँख्याको लागि थप १ जना | • लक्षित सङ्ख्या १२५ जनासम्म भएको खोप केन्द्रमा १ जना |
| स्वयंसेवक | • प्रत्येक खोप केन्द्रमा ३ जना | • प्रत्येक खोप केन्द्रमा २ जना |

# खोप टोली निर्धारण

- खोप दिने स्वास्थ्यकर्मीको लागि अ.हे.व., अ.न.मी, हे.अ./सि.अ.हे.व, स्टाफ नर्स/सि.अ.न.मि./विद्यालय नर्सहरू मध्येबाट छनौट गर्ने
- खोप दिन छनौट भएका तालिम प्राप्त स्वास्थ्यकर्मीहरूब्ले मात्र अभियानमा खोप दिने
- स्वयंसेवक छनौट गर्दा विगत देखि काम गरिरहेका महिला स्वास्थ्य स्वयंसेविका, महिला शिक्षिकालाई प्राथमिकता दिने र अपुग भएमा लेखपढ गर्न सक्ने स्थानीय व्यक्तिबाट छनौट गर्ने।

# अभियान सञ्चालनको अवधि र चरण


- दादुरा रुबेला खोप अभियान : २०८० फाल्गुन १३ देखि चैत्र ०७ सम्म
- स्वास्थ्य कार्यालय र स्थानिय तहले सकेसम्म एकै चरणमा कार्यक्रम संचालन गर्नु पर्दछ
  - स्थानिय तहमा ९ दिन भित्र
  - जिल्ला तहमा सके सम्म १५ दिन भित्र
- **लक्षित जनसंख्या बढी भएका, आवश्यकता अनुसार कोल्डचेन क्षमताको अभाव भएको, खोप दिने स्वास्थ्यकर्मी आवश्यकता अनुसार प्रयाप्त नभई एक चरणमा सम्भव नभएमा २ चरणमा कार्यक्रम संचालन गर्ने**
- खोप दिने स्वास्थ्यकर्मी र कोल्डचेनको व्यवस्था भएको स्थानिय तह÷स्वास्थ्य संस्थाले एकै दिनमा एक भन्दा धेरै केन्द्रमा पनि खोप केन्द्र संचालन गर्न सक्ने छ
- **अभियान संचालनको चरण निर्धारण गर्दा नियमित खोपलाई असर नगर्ने गरी योजना बनाउनु पर्दछ**

# अभियान प्रभावकारी संचालन तथा ब्यबस्थापनको लागि संचालन भइरहेका क्रियाकलापहरु

१. जिल्ला स्तरमा अभिमुखीकरण तथा योजना गोष्ठी – १ दिन (पालिका स्वास्थ्य शाखा, स्वास्थ्य सस्था प्रमुख र स्वास्थ्यकर्मी)
२. जिल्ला खोप, पालिका खोप र वडा खोप समन्वय समिति , संचार कर्मी र सरोकारवालाहरुको अभिमुखीकरण
३. स्वास्थ्यकर्मी तालिम (पालिका स्तरमा– १ दिन)
४. स्वयम् सेवकहरुको अभिमुखीकरण– वडा स्तरमा
५. बिद्यालय शिक्षकहरु को अभिमुखीकरण– वडा स्तरमा
६. सुचना संचार र सामाजिक परिचालन – जिल्ला स्तर बाट एफ.एम./ रेडियो बाट सुचना प्रसारण , सदरमुकाम, बजार र बिशेस स्थानमा माईकिंग, बिभिन्न सामाजिक संजाल बाट सुचना प्रसारण, बिद्यालय, संघ सस्था, समुदाय परिचालन
७. ए.ई.एफ.आई टिम व्यवस्थापन र परिचालन

# ए.ई.एफ.आई.को परिभाषा

- खोप लगाएपछि देखिने कुनै पनि स्वास्थ्य सम्बन्धी घटना
- जसलाई खोपको कारणबाट हो भन्ने विश्वास गरिएको, तर
- यस प्रकारका घटना खोप कै कारणबाट नभएको पनि हुनसक्छ
- यस्ता अवान्छित घटनाहरु खोप लगाएपछि अप्रत्याशित चिन्ह, लक्षण, असामान्य प्रयोगशाला परिणाम वा रोगको रुपमा देखा पर्दछन्



# ए.ई.एफ.आई.को प्रकार

- सामान्य प्रकारका अवाञ्छित घटनाहरु (Non-serious or Minor AEFI)
- गम्भिर प्रकारका अवाञ्छित घटनाहरु (Serious AEFI)

# सामान्य प्रकारका अवाञ्छित घटनाहरु (Non-serious or Minor AEFI)

- भ्याक्सिन लगाइसकेपछि व्यक्तिको शरीरमा अन्तरनिहित प्रतिरोधात्मक शक्तिले सो सँग प्रतिक्रिया गर्दा देखीने सामन्य असरहरु ।
- यस प्रकारका अवाञ्छित घटनाहरु सामान्यतया आफै हराएर जान्छन् ।
- यस्ता घटनाहरुको स्थानीय स्तरमा नै व्यवस्थापन तथा उपचार गर्न सकिन्छ ।
- जस्तै, बढी ज्वरो आएमा वा दुखेमा पारासिटामोल दिन सकिन्छ ।

**<u>सामान्यतया हुने घटनाहरु</u>**

- सामान्य ज्वरो आउन सक्ने
- सूई लगाएको ठाउँमा दुख्ने, रातो हुने वा सुन्निन सक्ने
- बच्चा केहि समय रुने वा झिँजो मान्ने
- बि.सि.जी. लगाएको ठाउँमा पाक्न सक्ने
- सुई लगाएको केहि दिनमा शरिरमा विमिरा आउनु
- सुई लगाएको ठाउँबाट केहि रगत आउने

# गम्भिर प्रकारका अवाञ्छित घटनाहरु (Serious AEFI)

- खोप पश्चात गम्भिर प्रकारका अवाञ्छित घटनाहरु पनि हुन सक्छन, यस्ता घटनाहरुबाट ज्यान जोखिममा हुने साथै ज्यानै पनि जान सक्छ ।
- यस प्रकारका घटना भएमा माथिल्लो निकायमा सिघ्र जानकारी गराई अनुसन्धान गरि प्रतिवेदन गर्नु पर्नेछ । (AEFI Reporting & Investigation Form 1 & 2)

**खोप पश्चात् भएका निम्न अवस्थाहरुलाई गम्भिर प्रकारका अवाञ्छित घटनाको रुपमा लिनु पर्दछः**


- अस्पताल भर्ना गर्नुपर्ने हुनु वा लामो समयसम्म अस्पतालमा भर्ना भएर बस्नु पर्ने हुनु
- ज्यान नै जान सक्ने जोखिम हुनु ।
- अपाङ्ग हुनु वा अशक्तता हुनु ।
- जन्मजात विकलाङ्ग वा अपाङ्ग जन्मनु ।
- मृत्यु हुनु ।

# ए.ई.एफ.आई. र व्यवस्थापन

- प्रत्यक स्वास्थ्य सस्था प्रमुख संयोजक
- जिल्ला भित्र चिकित्सक सहितको टोलि (३–४)
- सबै स्वास्थ्य कर्मी लाई तालिम
- सबै खोप टोलीसंग ए.ई.एफ.आई. किटको व्यवस्था
- जिल्ला तथा स्थानीय तहमा ए.ई.एफ.आई. प्रबक्ताको व्यवस्था

# खोप तथा अभियानको जानकारीको लागि स्वास्थ्य शिक्षा सामग्रीहरू

- कार्यक्रम सञ्चालन निर्देशिका
- निमन्त्रणा कार्ड (सिमित मात्रामा)
- खोप कार्ड
- पोष्टर
- दादुरा–रुवेला खोपको वारेमा धेरै सोधिने प्रश्नहरू
- ब्यानर



## प्रचार प्रसारको लागि बिभिन्न तहबाट संचालन भईरहेको क्रियाकलापहरु

- **स्वास्थ्यकर्मीद्धारा विद्यालयहरुमा अभियानबारे स्वास्थ्य शिक्षा**
- स्थानिय तह, वडाहरुले स्थानिय स्तरमा ¥याली, माइकिङ्ग
- **विशेष समुह (धार्मिक, सिमान्तकृत, धामी झाँक्री आदी) हरुसँग अन्तरक्रिया तथा पत्राचार**
- विशेष क्षेत्र, समुदाय, टोल तथा बस्तीहरुका अगुवा, जनप्रतिनिधि, स्वयंसेवकहरु सँग पटक पटक समन्वय गरी अभियानको प्रचार प्रसार तथा व्यवस्थापनको बारेमा सहयोगको अपिल
- **स्वास्थ्यकर्मीहरुले समेत आफनो कार्य क्षेत्र भित्र अभियानको प्रचार प्रसार तथा व्यवस्थापनको लागी क्षेत्र विभाजन गरी सो अनुगमन तथा व्यवस्थापन गर्ने**

# सूचनाको अनुगमन र नियन्त्रण

- दादुरा-रुबेला खोप अभियानको अवधिभर सामाजीक सञ्जाल, युटुब लगायतका अभियानलाइ प्रबाभित पार्ने प्रकृतिका अपुष्ट, होहल्ला / झुटा सामाग्रीहरु देखिए, तत्कालनै सम्बोधन गर्ने र त्यो गलत सूचना सामाग्रीलाई फैलिनबाट रोक्नका लागि सबै पत्रकार संचारकर्मीहरुमा अनुरोध गर्ने ।
- कल सेन्टर ११९५ मा आएका त्यस्ता जिज्ञासा, होहल्ला, झुटा सूचनाहरुलाई पनि आवश्यक माध्यमहरुबाट जनता समक्ष सत्य सूचना पुर्याउने

# खोप सेवा सञ्चालन

- तोकिएको खोप केन्द्रमा, तोकिएको समयमा खोप सेवा प्रदान हुने
- एउटा खोप टोलीले एक दिनमा एक ठाउँमा मात्र खोप केन्द्र सञ्चालन गर्ने
- अन्तिम खोप केन्द्र स्वास्थ्य संस्थामा राख्ने
- खोप सेसन कम्तिमा ६ घण्टा संचालन गर्ने
- दादुरा–रुबेला खोप दिईसके पछि हरेक बालबालिकाको बाँया हातको कान्छी औलामा मार्कर मसीले चिन्ह लगाउने
- खोप दिएको विवरण अभियान खोप रजिष्टरमा उल्लेख गर्ने र अद्यावधिक गर्ने
- खोप दिई सकेपछि सबै बालबालिकालाई अभियानको खोप कार्ड भरेर उपलब्ध गराउने

# अभियान संचालन गर्दा ध्यान दिनुपर्ने कुरा

- यो खोप अभियानमा पहिले खोप लिएका नलिएका सबै बालबालिकालाई दादुरा रुबेला खोप दिने अभियानमा दादुरा–रुबेला खोप लिएका ५ बर्ष मुनिका बालबालिकालाई नियमित खोप सेवामा कम्तिमा २८ दिनको अन्तराल पछि मात्र दादुरा–रुबेला र जे.ई खोप दिने ।

# निमन्त्रणा कार्डको प्रयोग र वितरण

**उपयोगः** अभियानमा दिइने खोप तथा मिति र स्थानको बारेमा लक्षित बच्चाको अभिभावक तथा समुदायलाई समेत जानकारी गराई बालबालिकालाई खोप लगाउन ल्याउन निमन्त्रणाको लागी यो कार्ड तयार गरिएको हो । साथै नियमित खोपमा छुट खोप तथा आगामी खोपमा आउन प्रेरित गर्न समेत सहयोग मिल्ने छ ।








***अग्र भागमा अभियानको जानकारी र पछिल्लो भागमा नियमित खोपको तालिका समावेश गरिएको छ***

# खोप कार्डको प्रयोग र वितरण

अभियानमा दिएको खोपको अभिलेख तथा ५ बर्ष मुनिका बालबालिकाको नियमित खोपमा छुट खोप पहिचान गरी छुट खोप लगाउन र अभियान पश्चात कभरेज सर्भेक्षणको प्रयोजनको लागी समेत यो कार्डको व्यवस्था गरिएको हो ।

दुबै जिल्लामा एकै किसिमको कार्ड प्रयोग गर्ने






# पोष्टरको प्रयोग र वितरण

दादुरा–रुबेला खोप अभियान तथा खोप केन्द्र स्थान, संचालन मितिको बारेमा समुदायलाई जानकारी गराउन वडा तथा स्वास्थ्य संस्था क्षेत्र भित्रका सार्वजनिक स्थलहरुमा प्रदर्शन गर्न यो पोष्टर उपलब्ध गराईएको हो ।




५१ जिल्लाको लागि




२४ जिल्लाको लागि

# खोप केन्द्र व्यानरको प्रयोग र वितरण

अभियान संचालन हुने दिन खोप केन्द्रको स्थानको बारेमा जानकारी होस् र सेवाग्राही तथा अनुगमनकर्तालाई सहज होस् भन्ने उद्देश्यले खोप केन्द्र संचालन हुने स्थानको नजिकै सबैले देख्ने स्थानमा प्रर्दशन गर्नको लागी नियमित खोपको व्यानर नै प्रयोग गर्नुपर्दछ ।



# द्रुत सुलभ अनुगमन कसरी गर्ने ? . . .

**घर–घरमा गएर गर्ने कार्यहरु**

- लक्षित उमेर समूहका व्यक्ति भए÷नभएको एकिन गर्ने
- लक्षित उमेर समूहका व्यक्ति भएको घरमा मात्र अनुगमन फाराममा विवरण लेख्ने
- खोप लगाएको भन्ने उत्तर दिएमा, खोप कार्ड हेर्ने
- औलमा मार्कर मसीको चिन्ह हेर्ने
- खोप नलगाएको भए, कारणबारे जानकारी लिने
- कारणहरुको सूची अनुगमन फाराममा दिएको छ सो हेर्ने
- कारणको क्रम संख्या उल्लेख गर्ने
- ५ वर्ष मुनिका बालबालकाहरु मध्ये नियमित खोप लिन छुट भएको पाइएमा, अभिलेख राख्ने र छुट खोप लगाउन प्रोत्साहन गर्दै खोप लिने स्थान र मितिवारे जानकारी दिन

# धन्यवाद